एकजना व्यक्तिले वुजू गरे, तर उनको खुट्टामा नङको आकार बराबर स्थान सुक्खा नै रह्यो। नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले त्यो देखेर भन्नुभयो: “फर्केर जाऊ र आफ्नो वुजू राम्रोसँग पूरा गरेर आउ।” त्यसपछि उनले फर्केर राम्रोसँग वुजू गरे र नमाज पढे।

जाबिर (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, मलाई उमर बिन खत्ताब (रजियल्लाहु अन्हु)
ले भन्नुभयो : एकजना व्यक्तिले वुजू गरे, तर उनको खुट्टामा नङको आकार बराबर स्थान सुक्खा नै रह्यो। नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले त्यो देखेर भन्नुभयो: “फर्केर
जाऊ र आफ्नो वुजू राम्रोसँग पूरा गरेर आउ।” त्यसपछि उनले फर्केर राम्रोसँग वुजू गरे
र नमाज पढे।
[शवाहिद (गवाहहरु) ले गर्दा सही हो] [मुस्लिमले वर्णन गरेका छन्]

उमर (रजियल्लाहु अन्हु) ले बताउनु भएको छ कि रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले एक व्यक्तिलाई वुजू गरेको अवस्थामा देख्नुभयो, तर उसको खुट्टामा नङ बराबरको ठाउँ सुक्खा थियो, जहाँ पानी पुगेको थिएन। उहाँले पानी नपुगेको ठाउँलाई औंल्याएर भन्नुभयो: फर्केर जाऊ र वुजूका प्रत्येक अंगहरूमा पानी हालेर राम्रोसँग वुजू गरेर आऊ । यो सुनेर त्यो व्यक्तिल फर्किएर गयो र राम्रोसँग वजू गरेपछि नमाज पढ्यो।

http://www.sunnah.global/hadeeth/ne/show/8386